आज मिति २०७९ साल चैत्र ११ गते सोमवारका दिन आठविसकोट नगरपालिका नगर शिक्षा समितिका संयोजक श्री गोरखे बहादुर के सी को अध्यक्षतामा बैठक बसी तपसिलका - प्रस्ताव माथी छलफल गरिया निर्णय गरियो ।

उपस्थिति

१. श्री गोरखे बहादुर के सी - संयोजक
२. श्री राम बहादुर के सी - सदस्य
३. श्री हुकुम बहादुर पुन - सदस्य
४. श्री रवि के सी - सदस्य
५. श्री अमृत बुढा - सदस्य
६. श्री मुक्ति प्रसाद रिजाल - सदस्य
७. श्री गोरख बहादुर कामी - सदस्य
८. श्री प्रभा मल्ल वि.क. - सदस्य
९. श्री धनविर ओली - सदस्य-सचिव

आमन्त्रित:

१. श्री गिता नेपाली - नगर उपप्रमुख
२. श्री डेशरमान वि.क. - वडा अध्यक्ष वडा नं ३
३. श्री प्रभीत कामी - वडा अध्यक्ष वडा नं ९
४. श्री धुम्मे कुमारी - वडा अध्यक्ष वडा नं १२
५. श्री कामेश्वर नायक - स्रोत व्यक्ति
६. श्री शेर बहादुर ओली - आमन्त्रीत सदस्य
७. श्री मान बहादुर वयाला - स.क.अ.
८. श्री हस्ते आग्री - वडा अध्यक्ष वडा नं ११

प्रस्तावनाहरु:

(१) प्रतिवेदन सम्बन्धमा।
(२) जग्गा खरीद सम्बन्धमा।
(३) शुल्क निर्धारण सम्बन्धमा।
(४) म्याद थप सम्बन्धमा।
(५) नतिजा प्रकाशन सम्बन्धमा।
(६) अध्ययन भ्रमण सम्बन्धमा।
(७) सामुदायिक सिकाई केन्द्रको प्रस्ताव सम्बन्धमा।
(८) भत्ता सम्बन्धमा।

(९) खेलकुद समिति गठनसम्बन्धमा।
(१०) तालिम सम्बन्धमा तथा प्रशिक्षण सम्बन्धमा।
(११) पुरस्कार तथा दण्ड सम्बन्धमा।
(१२) विविध सम्बन्धमा।

निर्णयहरु

निर्णय नं (१)

प्रस्ताव नं १मा व्यापक छलफल गर्दा २०७८ साल माघ २८ गतेदेखि २०७८ साल फाल्गुन ३ गतेसम्म विद्यार्थी उपस्थिति, पठनपाठनको अवस्था, सिकाई उपलब्धि, विद्यालयको भौतिक अवस्था, शिक्षकको उपस्थिति, कक्षा थप र विद्यालय गाभ्ने तथा विद्यालय प्रशासनको अवस्था सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठित १४ सदस्यिय अनुगमन समितिले विभिन्न विद्यालयको स्थलगत भ्रमण गरी तयार पारेको विद्यालय अनुगमन प्रतिवेदन थियो आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो।

निर्णय नं (२)

प्रस्ताव नं २मा व्यापक छलफल गर्दा आठबिसकोट नगरपालिका वडा नं ९ राडिजुलामा सञ्चालित शहिद स्मृति नमुना मा.वि. र छिपन्योती आधारभूत विद्यालयको जग्गा खरीद गर्ने प्रयोजनको लागी प्राविधिक स्टिमेट गरी सम्बन्धित निकायमा फाइल अगाडि बढाउने निर्णय सर्वसम्मतिबाट पारीत गरियो।

निर्णय नं (३)

प्रस्ताव नं ३मा व्यापक छलफल गर्दा आठबिसकोट नगरपालिका वडा नं ९ राडिजुलामा सञ्चालित शहिद स्मृति नमुना मा.वि. मा अध्ययनरत बालबालिकाको ट्युसन तथा अतिरिक्त शुल्क निर्धारण शिक्षा, युवा तथा खेलकुद शाखाले सम्बन्धित विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समिति सँग छलफल गरी निर्धारित शुल्क आगामी नगर शिक्षा समितिको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो।

[signature]

निर्णय नं (४)

प्रस्ताव नं ४ मा व्यापक छलफल गर्दा आठबिसकोट नगरपालिकाको २० वटा विद्यालयमा लागु भई सञ्चालनमा रहेको शिक्षा सुधार परियोजनामा कार्यरत सहजकर्ताको म्याद समाप्त भएकोले तिनै सहजकर्ताहरुको म्याद २०७६ साल असार मसान्तसम्म थप्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं (५)

प्रस्ताव नं ५ मा व्यापक छलफल गर्दा मिति २०७५ साल चैत्र १ गतेदेखि २०७५ साल चैत्र ९ गते सम्म सञ्चालित आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा ८ र २०७५ साल चैत्र १२ गते देखि २०७५ साल चैत्र १८ गतेसम्म सञ्चालन हुने नगरस्तरीय परीक्षा कक्षा ५ को नतिजा शिक्षा युवा तथा खेलकुद शाखाले छनौट गरी नियुक्त गरेका परीक्षक र सम्परीक्षक द्वारा उत्तरपुस्तिका परीक्षण गराई मिति २०७५साल चैत्र २५ गते प्रकाशन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं (६)

प्रस्ताव नं ६ मा व्यापक छलफल गर्दा आठबिसकोट नगरपालिकाको शैक्षिक क्यालेण्डरमा उल्लेखित प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षा शाखाको कर्मचारीको अध्ययन भ्रमण सम्बन्धमा प्रा.अ. बैठकमा छलफल गरी मिति र स्थान निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं (७)

प्रस्ताव नं ७मा व्यापक छलफल गर्दा आठबिसकोट नगरपालिका भित्र सञ्चालित सामुदायिक सिकाई केन्द्रहरुलाई नेपाल सरकारद्वारा प्राप्त ससर्त अनुदान प्रदान गर्ने प्रयोजनको लागी शिक्षा युवा तथा खेलकुद शाखाले प्राप्त प्रस्तावहरुको आधारमा निर्णय लिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं (८)

प्रस्ताव नं ८मा छलफलगर्दा आठबिसकोट नगरपालिकामा सञ्चालित शिक्षा सुधार परियोजनामा

(signature)

कार्यरत सहजकर्ताहरु र शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा संयोजकको प्रशासनिक तथा दैनिक भत्ता सम्बन्धमा आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गरी निर्णय गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं (९)
प्रस्ताव नं ९ मा व्यापक छलफलगर्दा आठविसकोट नगरपालिकाको खेलकुद क्षेत्रको वृत्तीविकास, खेलकुद सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्ने प्रयोजनको लागी गठन हुने नगर खेलकुद समिति गठन गर्न शिक्षा युवा तथा खेलकुद शाखाले गृहकार्य गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं (१०)
प्रस्ताव नं १० मा व्यापक छलफलगर्दा आठविसकोट नगरपालिकाको शैक्षिक गुणस्तर सुधार, विद्यालयको प्रशासनिक कार्य र विद्यालयको हिसाब किताब चुस्त दुरुस्त बनाउने प्रयोजनको लागी देहायबमोजिम गर्ने निर्णय पारित गरियो।

(क) आठविसकोट नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक र प्रशासन सहायक (लेखा) को तालिम सम्बन्धमा प्र. अ. बैठकमा छलफल गरी निर्णय लिने।

(ख) आठविसकोट नगरपालिकामा सञ्चालित विभिन्न विद्यालयमा कार्यरत नि. मा. वि. र मा. वि. तह अंग्रेजी विषयका शिक्षकलाई विदेशी प्रशिक्षक द्वारा प्रदान गरिने अंग्रेजी भाषा को तालिममा अनिवार्य गर्ने र प्रशिक्षकको सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्ने तथा खाना तथा आवासको व्यवस्था शिक्षक स्वंयमले व्यहोर्ने।

(ग) आठविसकोट नगरपालिकाले सञ्चालन गर्ने अंग्रेजी विषयको तालिममा इच्छुक शिक्षकलाई सहभागी बनाउने र सहभागी हुन इच्छुक शिक्षकले ५०% रकम र खाना तथा आवासको व्यवस्था

स्वयम शिक्षकले गर्नु पर्ने ।

निर्णय नं (११)

प्रस्ताव नं ११ मा छलफल गर्दा आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा ८ र नगरस्तरीय परीक्षा कक्षा ५ को विद्यार्थी र विद्यालयले प्राप्त गर्ने नतिजाको आधारमा तपशिल बमोजिमको पुरस्कार तथा दण्ड को व्यवस्था गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

(क) लगातार ३ वर्षसम्म १५% भन्दा कम डि र ई ग्रेडमा विद्यार्थी उतिर्ण गराउने विद्यालयको अनुमति स्वीकृति खारेज गरी तह वा कक्षा घटाउने ।

(ख) ४०% भन्दा कम डि र ई ग्रेडमा विद्यार्थी उतिर्ण गराउने विद्यालयका प्र. अ. को ग्रेड रोक्का र प्र. अ. बाट हटुवा गर्ने ।

(ग) ४०% भन्दा कम डि र ई ग्रेडमा उतिर्ण गराउने शिक्षक विषय शिक्षकको सरुवा गर्ने तथा करार संझौता रद्द गरी सेवा बाट बरखास्त गर्ने ।

(घ) उत्कृष्ट नतिजा ल्याउने विद्यालयका विषयगत शिक्षक लाई नगदै ५०००।- (पाँच हजार) र प्रमाण-पत्र ले सम्मान गर्ने ।

(ङ) उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई उचित प्रोत्साहन रकम उपलब्ध गराउने ।

(च) ४०% भन्दा कम डि र ई ग्रेडमा उतिर्ण गराउने विद्यालयलाई अनुदान घटाउने ।

(छ) कक्षा ५ र ८ को नगरस्तरीय परीक्षामा उत्कृष्ट हुने ~~पूर्व~~ विद्यालयर छात्र र छात्रालाई तपशिल बमोजिमको पुरस्कार तथा प्रमाण -पत्र प्रदान गर्ने । साथै, सान्त्वना पुरस्कार छात्र -छात्रालाई नगदी ५ ५०००।- (पाँच हजार मात्र) प्रदान गर्ने ।

| क्र.स. | स्थान | पुरस्कार राशी |
|---|---|---|
| १ | नगर प्रथम छात्र | १५०००।- |
| २ | नगर द्वितिय छात्र | १००००।- |
| ३, | नगर तृतिय छात्र | ७५००।- |
| ४, | नगर प्रथम छात्रा | १५०००।- |
| ५ | नगर द्वितिय छात्रा | १००००।- |
| ६, | नगर तृतिय छात्रा | ७५००।- |

निर्णय नं (१२)

प्रस्ताव नं १२ मा व्यापक छलफल गर्दा आगामी शैक्षिक सत्रको भर्ना अभियान, शैक्षिक क्यालेन्डर निर्माण, विद्यार्थीको ड्रेस, र आठविसकोट नगरपालिकाको शैक्षिक क्यालेन्डर मा उल्लेखित नगर स्तरिय सिल्ड सम्बन्धमा प्र.अ. बैठकमा छलफल गरी निर्णय लिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।